# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, वैशाख १ गते २०४६ साल (अतिरिक्ताङ्क २(ख)

## भाग ४

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले झापा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, इलाम जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, मोरङ जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, सर्लाही जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, मकवानपुर जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, चितवन जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, नवलपरासी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, रुपन्देही जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, कपिलवस्तु जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, दाङ जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, बाँके जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, कञ्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग, उदयपुर जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग र बारा-पर्सा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगहरूको कार्यावधि समाप्त भएको मितिले पुनः २०४६ साल आषाढ मसान्तसम्म थप गरी देहायको वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको अध्यक्षमा देहायबमोजिम हेरफेर गरेको छ।

(१) कपिलवस्तु जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको अध्यक्षमा माननीय यज्ञबहादुर बुढाथोकी,

(२) बाँके जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको अध्यक्षमा माननीय टेकबहादुर विश्वकर्मा ।

आज्ञाले,

बीरेन्द्रनाथ खुंजेली

श्री ५ को सरकारको सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु